# सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१

जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्ने प्रकृयालाई सरल, स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन आवश्यक भएकोले नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "सजायको माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अदालत" भन्नाले प्रचलित कानुन बमोजिम कुनै कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न अधिकारप्राप्त अदालत, विशेष अदालत, सैनिक अदालत, अन्य कुनै न्यायिक वा अर्ध न्यायिक निकाय वा पदाधिकारी संझनु पर्छ ।

(ख) "कडा रोग" भन्नाले मृगौला, मुटु, मस्तिस्क सम्बन्धी, क्यान्सर वा मेडिकल बोर्डले कडा रोग भनी सिफारिश गरेका सबै प्रकृतिका अन्य रोग संझनु पर्छ ।

(ग) "नियमावली" भन्नाले कारागार नियमावली, २०२० संझनु पर्छ ।

(घ) "बालबालिका बिरुद्धको यौन शोषण वा हिंसा" भन्नाले बालबालिका बिरुद्ध यौन शोषण वा हिंसा गरी बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम सजाय भएको अपराध संझनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय संझनु पर्छ ।

(च) "मानव बेच बिखन सम्बन्धी अपराध" मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम सजाय हुने अपराध सम्झनु पर्छ ।

(छ) "मानिसको ज्यान लिने नियतले गरिएको आगजनी" भन्नाले आगलागीको कारण मानिसको ज्यान गई वा ज्यान मार्ने उद्योग गरेको ठहरी मुलुकी ऐन

(झ) "राज्य बिरुद्धको अपराध" भन्नाले राज्य बिरुद्धको अपराध र सजाय ऐन, २०४६ बमोजिमको अपराध संझनु पर्छ ।

(ञ) "विभाग" भन्नाले गृह मन्त्रालय, कारागार व्यवस्था विभाग संझनु पर्छ ।

(ट) "विध्वंशात्मक अपराध वा हातहतियार सम्बन्धी अपराध" भन्नाले विष्फोटक पदार्थ वा हातहतियारको उत्पादन वा बिक्री वितरण सम्वन्धी अपराध संझनु पर्छ ।

(ठ) "संगठित अपराध" भन्नाले संगठित अपराध निवारण ऐन, २०७० बमोजिमको अपराध संझनु पर्छ ।

३. सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने नगरिने अपराध: देहायको अपराधमा कसूरदार ठहरिएको व्यक्तिको सजाय माफी, मुलतवी, परिवर्तन वा कम गरिने छैन:-

(क) भ्रष्टाचार

(ख) जबर्जस्ती करणी

(ग) सरकारी लिखत कीर्ते,

(घ) संगठित अपराध,

(ङ) मानिसको ज्यान लिने नियतले गरिएको आगजनी,

(च) राज्य बिरुद्धको अपराध,

(छ) युद्ध अपराध,

(ज) विध्वंशात्मक अपराध वा हातहतियार सम्बन्धी अपराध,

(झ) मानव बेच बिखन सम्बन्धी अपराध

(ञ) महिला बिरुद्धको यौन शोषण वा हिंसा,

(ट) बालबालिका बिरुद्धको यौन शोषण वा हिंसा,

(ठ) जाति हत्या,

(ड) क्रुर, अमानवीय वा मानवता बिरुद्धको अपराध,

(ढ) क्रुर, हिंसक वा विभत्स तरिकाले गरिएको हत्या,

(ण) शरीर बन्धक तथा अपहरण सम्बन्धी अपराध,

(त) लागू औषधको कारोबार

(द) वैदेशिक रोजगार,

(ध) कैदबाट भागे भगाएको,

(न) भन्सार चोरी निकासी पैठारी,

(प) जासुसी सम्बन्धी,

(फ) संरक्षित वन्यजन्तु सम्बन्धी,

(ब) पुरातात्विक वस्तु सम्बन्धी ।

४. चालचलनको अभिलेख राख्ने: (१) प्रत्येक कारागारले आफ्नो कारागारमा रहेका कैदीको अनुसूची १ मा तोकिएको ढाँचामा चालचलनको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेख कारागारले प्रत्येक छ महिनामा अद्यावधिक गरी कारागार व्यवस्था विभाग तथा क्षेत्रीय प्रशासन कार्यालयमा पठाउनु पर्नेछ ।

(३) प्रत्येक कारागारले विभागले मागेका बखत उपदफा (१) बमोजिमको अभिलेख उपलब्ध गराउनु पर्नेछ ।

(४) कैदीको कारागार सार्दा यस दफा बमोजिमको अभिलेख समेत अद्यावधिक गरी कैदी सरिगएको कारागारमा पठाउनु पर्नेछ ।

५. निवेदन दिन सक्ने: (१) कसैले आफूलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम गराउन चाहेमा अनुसूची-२ बमोजिमको ढाँचामा आफू रहेको कारागारमा सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्नुपर्ने कारण समेत खुलाई निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित कारागारले दफा ४ बमोजिम राखिएको चालचलनको अभिलेख समेत संलग्न गरी आफ्नो रायसाथ विभागमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सत्तरी वर्ष उमेर पूरा भएको वा कडा रोग लागेको वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको हकमा निजको श्रीमान, श्रीमती, छोरा, बुहारी, छोरी, नाति, नातिना वा एकाघरको नजीकको नातेदार वा त्यस्तो कोही नभएमा निज कैद पर्नु अघि निजलाई पालन पोषण [illegible] निवेदन दिन [illegible]

६. <u>कारागारले सिफारिश गर्न सक्ने</u>: (१) दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि कारागारले कुनै कैदीको चालचलन राम्रो भएको वा ऐन, नियमावली वा यस कार्यविधि बमोजिम कुनै कैदीको सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सकिने वा गर्नुपर्ने देखिएमा सोही व्यहोरा खुलाई विभागमा सिफारिश साथ लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिश मनासिब देखिएमा विभागले सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न मन्त्रालयमा लेखी पठाउन सक्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुबै आँखा नदेख्ने वा दुबै खुट्टा नचल्ने वा अंगभंग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी मेडिकल बोर्डले सिफारिश गरेको कैदीको हकमा बाँकी कैदको सजाय माफी गर्न सम्बन्धित कारागार र विभागले सिफारिश गरी पठाउनु पर्नेछ ।

७. <u>सजाय माफीको आधार</u>: देहायका कुराहरुलाई सजाय माफीको आधार मानिनेछ:-

(क) कसूरको प्रकृति र गंभीरता,

(ख) कसूर गर्दाको परिस्थिति र आशय (motive),

(ग) कसूरदारको उमेर,

(ग) कैदीको चालचलन,

(घ) कसूरदारको विगतको चरित्र,

(ङ) कैदीको स्वास्थ्य,

(च) कैद भुक्तान गरेको अवधि वा बाकी कैद अवधि ।

८. <u>सजाय मुलतवी हुन सक्ने अवस्था</u>: कुनै कैदीको देहायको कुनै अवस्था छ भनी मेडिकल बोर्डले सिफारिश गरेमा मन्त्रालयले देहायको अवधिसम्म त्यस्तो कैदीको सजाय मुलतवी राख्ने गरी कारबाही अघि बढाउन सक्नेछ:-

(क) कडा रोग लागी लामो समयसम्म उपचार गराउनु पर्ने भएमा त्यस्तो उपचार हुँदा सम्म,

(ख) सजाय ठहर भैसकेपछि बहुलाएको वा मानसिक सन्तुलन गुमाएकोमा निको

९. सजाय परिवर्तन गर्ने आधारः कुनै कैदीलाई कडा रोग लागी कैदमा बस्न नसक्ने भनी मेडिकल बोर्डले सिफारिश गरेमा मन्त्रालयले त्यस्तो कैदीलाई भएको कैदको सजायलाई जरिवानामा परिवर्तन गर्ने गरी कारबाही अघि बढाउन सक्नेछ ।

१०. जेष्ठ नागरिकको सजाय माफी गर्नेः (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम कैद सजायमा छुट दिन सकिने अवस्था रहेकोमा सोही ऐनमा लेखिए बमोजिम कैद सजायमा छुट दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम सजायमा छुट दिन सकिने अवस्था रहेकोमा सम्बन्धित कारागार वा विभागले आफूसँग भएको अभिलेखको आधारमा जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम कैद सजायमा छुट दिन सकिने अवस्था रहेको व्यहोरा खुलाई कैद सजाय मिनाहाको लागि सिफारिश गर्नुपर्नेछ ।

११. कारबाही नहुनेः देहायको कुनै अवस्था भएमा सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने निवेदन उपर कारबाही हुने छैन र कारागारले पनि दफा ६ बमोजिम सिफारिश गर्नु हुँदैनः-

(क) चोरी वा डाँका मुद्दामा भएको जरिवाना वापतको कैद पचहत्तर प्रतिशत भुक्तान नभई,

(ख) चोरी वा डाँका मुद्दा बाहेक अन्य मुद्दामा जरिवाना वा विगो वापत कैद भएकोमा पन्ध्र लाख रुपैयाँसम्म जरिवाना वा विगो वापत कैद भएकोमा पचास प्रतिशत कैद भुक्तान नगरी,

(ग) पन्ध्रलाख रुपैयाँ भन्दा बढी जरिवाना वा विगो वापत कैद भएकोमा,

(घ) मुद्दाको अन्तिम टुंगो नलागी,

स्पष्टीकरणः "अन्तिम टुंगो" भन्नाले अदालतले गरेको फैसला उपर पुनरावेदन परेकोमा पुनरावेदन फैसला भएको वा पुनरावेदन गर्ने म्याद नाघेको वा पुनरावेदन नलाग्ने अवस्था भएमा मुद्दाको अन्तिम टुंगो लागेको संझनु पर्छ र मुद्दा मुलतवी रहेको वा मुद्दा दोहराउने वा पुनरावलोकनको निवेदन दिएकोमा सो को किनारा नभई अन्तिम टुंगो लागेको मानिने छैन ।

(ङ) अदालतले गरेको सजाय अस्वीकार गरी बसेको,

(च) एक पटक सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएको व्यक्तिले पुनः कुनै कसूरमा अदालतबाट कसूरदार ठहरिएको ।

अनुसार महान्यायाधिवक्ताको कार्यालय वा कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको राय लिन सक्नेछ ।

१३. मन्त्रिपरिषद् समक्ष सिफारिश गर्ने: विभागबाट सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न लेखी आएको व्यहोरा ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम मनासिब देखिएको र सो बमोजिम गर्न औचित्यपूर्ण देखिएमा आधार र कारण खुलाई मन्त्रालयले निर्णयको निमित्त नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ ।

१४. राष्ट्रपति समक्ष सिफारिश गर्ने: दफा १३ बमोजिम मन्त्रालयबाट पेश भएको व्यहोरा मनासिब लागेमा नेपाल सरकार, मन्त्रिपरिषद्ले मन्त्रालयबाट पेश भए बमोजिम वा आवश्यक थपघट गरी सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न राष्ट्रपति समक्ष सिफारिश गर्नेछ ।

१५. नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने: दफा १४ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको सिफारिश बमोजिम राष्ट्रपतिबाट कुनै कसूरदारको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएमा सो को सूचना मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

१६. प्रचलित कानुन बमोजिम कारबाही हुने: मेडिकल बोर्डले गरेको सिफारिश झुठ्ठा ठहरिएमा त्यस्तो झुठ्ठा सिफारिश गर्ने मेडिकल बोर्डका अध्यक्ष तथा सदस्यलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१७. खारेजी तथा बचाउ: (१) सजायको माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०६९ खारेज गरिएको छ ।

(२) सजायको माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०६९ बमोजिम भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### कैदीको चाल चलन सम्बन्धी विवरण

................. कारागार

| क.सं. | कैदीको नाम | कैदीको उमेर | गरेको कसूर | भएको सजाय | कैद भुक्तान गरेको अवधि | कैदमा कुनै किसिमको अनुचित काम गरे नगरेको | अनुचित काम गरेको भए त्यसको विवरण | कारागार प्रमुखको राय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची - २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्न दिने

**निवेदनको ढाँचा**

श्री प्रमुखज्यू

................. कारागार ।

विषय: सजाय माफी/मुलतवी/परिवर्तन/कम गरी पाउँ ।

१. निवेदकको पूरा नाम, थर र ठेगाना:

२. मुद्दा:

३. वादी र प्रतिवादीहरुको नाम, थर, ठेगाना:

४. मुद्दा फैसला गर्ने अदालत:

५. भएको सजाय:

६. मुद्दा अन्तिम भएको मिति वा पुनरावेदन लाग्ने भए पुनरावेदनको म्याद समाप्त भएको मिति:

७. हालसम्म भुक्तान गरेको सजाय:

८. सजाय माफी/मुलतवी/परिवर्तन/कम गर्नुपर्ने आधार र औचित्य:

अब उप्रान्त कुनै पनि किसिमको कसूरजन्य कृयाकलापमा संलग्न हुने छैन । भएमा माफी वा कम भएको सजाय भोग्न वा परिवर्तन भएको सजाय परिवर्तन नभए सरह भोग्न मञ्जूर गर्दछु ।

मैले मलाई भएको सजाय उपर पुनरावेदन गरेको वा पुनरावलोकन वा मुद्दा दोहराउने निवेदन दिई सो विचाराधीन रहेको अवस्था छैन ।

व्यहोरा साँचो हो, झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

मिति:

निवेदकको,-

पूरा नाम:

दस्तखत:

संलग्न कागजात:

(क) नेपाली नागरिकता वा राहदानीको प्रमाणित प्रतिलिपि

(ख) अन्तिम फैसलाको प्रमाणित प्रतिलिपि

(ग) जरिवाना बुझाएको वा कैद बसेको प्रमाणित गर्ने कागजात

(घ) मेडिकल बोर्डको सिफारिश (आवश्यक पर्ने भए)

(ङ) विदेशी नागरिकको हकमा सम्बन्धित मुलुकको विदेश मन्त्रालय वा राजदुतावासको सिफारिश ।